*"शिक्षा,स्वास्थ्य, कृषि, र पूर्वाधार- नगर विकासको मूल आधार"*

**भोजपुर नगरपालिका**

# आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

**उप-प्रमुखज्यू**

**नगर सभाका सदस्यज्यूहरु**

नेपालको संविधान जारी भए पछी दोश्रो पटक भएको स्थानीय तहको निर्वाचन सम्पन्न भई निर्वाचित नगर प्रमुखको हैसियतले आगामी आ.व. २०८२/०८३ को लागि तयार गरिएको नीति तथा कार्यक्रम भोजपुर नगरपालिकाको गरिमामय दशौं नगर सभामा प्रस्तुत गर्न पाउदा म गौरवान्वित छु । सर्वप्रथम प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रको स्थापना लगायत जनताको अधिकार र स्वतन्त्रताका लागि बिभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा देश र जनताका निमित्त आफ्नो प्राणको आहुती गर्ने ज्ञात अज्ञात महान सहिदहरुप्रति स-सम्मान भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

जन-चाहान अनुरुप नागरीकहरुको घरदैलोमा सेवा प्रदान गर्ने आधार स्तम्भको रुपमा रहेको स्थानीय तहको गठन भएसँगै लोकतान्त्रीक मुल्य र मान्यतामा आधारीत दिगो शान्ती, सुशासन, विकास र समृद्धिको चाहाना पुरा गर्ने दिशामा अग्रसर रहन थप आधार प्राप्त भएको छ । दिगो शान्ती, सुशासन, विकास र समृद्धिका लागि नेपालको संविधान तथा संघीय, प्रदेश र स्थानीय कानुनद्वारा प्रदत्त हक अधिकारको प्रयोग गर्न तथा कानुनत: निर्देशित काम, कर्तब्य र दायित्व निर्वाह गर्न हामी प्रदिबद्ध छौं ।

**सदस्यज्यूहरु**

जनताका वास्तविक माग र आवश्यकताको पूर्ण विश्लेषण गरी विकास निर्माणका काममा थप प्रभावकारिता ल्याउन पर्याप्त अधिकार र जिम्मेवारी सहित जनतालाई संघीय शासन व्यवस्थाको प्रत्यक्ष अनुभूति दिलाउने अभिप्रायले आन्तरिक स्रोत अत्यन्त न्युन भएतापनि सबैको प्रयासलाई जनमुखी ढंगले व्यवस्थित गर्दै विकास साझेदारहरुका कार्यक्रम जनता समक्ष पुचाउन नगरपालिकाको अग्रणी भूमिका रहेको छ ।

नेपालको संविधानले अङ्गीकार गरेको समाजवाद उन्मुख शासन प्रणालीलाई आत्मसाथ गर्दै नेपालको संविधानको भावना र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेका काम, कर्तव्य, अधिकार र सीमाभित्र रही हाम्रा विकासका सम्भाव्यतालाई जनचाहाना अनुरुप सक्षमतापूर्वक कार्यरुप दिन उपलब्ध साधन स्रोतको समुचित उपयोगमा ध्यान दिदै यो निति तथा कार्यक्रम तय गरिएको छ ।

**सदस्यज्यूहरु**

यस भोजपुर नगरपालिकाको विकासका विभिन्न सम्भावना र चुनौतीका बीच प्रस्तावित आगामी आ.ब. २०८२/०८३ को बजेटमा स्वास्थ्य, शिक्षा, भौतिक पूर्वाधार, विभिन्न सांस्कृतिक सम्पदाको विकास, कृषि तथा नगदेबालीको विकास, विद्युत शक्तिको विस्तार र विकास एवं समाजका सबै वर्ग र क्षेत्रको समानुपातिक र समावेशी विकासको परिकल्पना सहित अब म भोजपुर नगरको आ.ब. २०८२/०८३ को नीति तथा कार्यक्रमतर्फ यहाँहरूको ध्यान आकर्षण गराउदै नगरपालिकाले यस नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, संघीय तथा प्रदेश कानूनहरु, संघीय सरकार तथा प्रदेश सरकारका नीति, कार्यक्रम र बजेट बक्तव्य समेतलाई मूल आधार लिइएको जानकारी गराउँदछु ।

**कृषि**

- कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि गर्न सिंचाई सुविधामा बृद्धि गर्दै लगिनेछ ।
- कृषिलाई निर्वाहमुखीबाट व्यवसायिक खेती प्रणालीमा रुपान्तरण गर्न विशेष जोड दिइनेछ ।
- कृषि औजार तथा उपकरणमा अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

- Cold Store को निर्माण गरिसकिएकोले सो स्थानमा कृषकलाई व्यवस्थीत रुपमा कृषि सामाग्री भण्डारण गर्न प्रोत्साहन गरिनेछ ।
- कृषि बजार निर्माणधिन अवस्थामा रहेकोले त्यसलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।
- सुन्तला, कागती, किवी, फलफूलवाली, अलैची, अदुवा जस्ता नगदेवालीको उत्पादनलाई विशेष प्रोत्साहन गरिनेछ ।
- कृषि उपजको संकलन तथा बजार ब्यवस्थापनमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।
- नगरबासीहरुलाई सर्बसुलभ तवरले तरकारी, फलफुलको आपूर्ति गर्ने ब्यवस्थाकालागि शीत भण्डारको स्थापना गरिने छ ।
- भागा खेतिलाई यस पालिकामा कार्यान्वयन गर्नको लागि सम्भव्यता अध्ययन गरी कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।
- कृषि उत्पादनलाई विक्री वितरण तथा वजारीकरणमा जोडनका लागि खाद्य व्यवस्था तथा ब्यापार कम्पनी लिमिटेडसँग सम्फौता गरि कार्यान्वयन गरिनेछ ।
- नगरपालिका भित्रका कृषकहरुको डिजिटल प्रोफायल तयार गरी कृषकहरुको पहिचान गरी अनुदान कार्यक्रमहरुलाई व्यवस्थित बनाइनेछ ।

**पशुपन्छी विकास**

- पम्परागत रुपमा पशुपालन गर्ने कृषकहरुका पशुहरुको नश्ल सुधार तथा आहार व्यवस्थापन कार्यक्रम सञ्चालन गरिने छ ।
- नगरपालिका छेउमा रहेको पशु वधशालालाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।
- पशु स्वास्थ्य शिविर संचालन गर्दै उन्नत जातका पशुपालन तर्फ किसानलाई प्रोत्साहन गरिने छ ।
- किसानलाई पशु बीमातर्फ प्रोत्साहित गरिने नीति अवलम्वन गरिने छ ।
- भूस्याहा कुकुर नियन्त्रण तथा व्यवस्थापन गरिने छ ।
- पशुहरुमा महामारीको रुपमा देखापरेको Lumphy Skin रोग नियन्त्रणको लागि आवश्यक खोपको व्यवस्थापन गरिनेछ ।
- छाडा पशु नियन्त्रण गरिनुका साथै घरपालुवा पशुहरु वेवारिसे छाड्ने व्यक्तिको पहिचान गरी कारवाही गरिने छ ।
- ५० प्रतिशत अनुदानमा कृषकहरुलाई उन्नत जातको गाईहरु वितरण गरिनेछ ।

**शिक्षा**

- संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरिसकेको सन्दर्भमा गुणस्तरीय शिक्षाको सुनिश्चितता गरिनेछ ।
- स्थानीय पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक छपाई गरी पठन पाठन गराइनेछ ।
- शिक्षाको गुणस्तर सुधार गर्न कार्यसम्पादन सम्फौता गर्ने नीति अवलम्वन गरिनेछ ।
- सामुदायिक विद्यालयको उपलब्धी तथा गुणस्तर वृद्धिका लागि मातृभाषाको साथै अंग्रेजी माध्यममा समेत पठनपाठन गराउने नीतिलाई अगाडि सारिनेछ ।
- शिक्षण सिकाइ क्रियाकलापलाई बालमैत्री, प्रविधिमैत्री एवं माध्यमिक तहमा विषयगत शिक्षक अभावलाई व्यवस्थापन गरिनेछ ।
- पूर्व प्राथमिक तहदेखि कक्षा ६ सम्म अध्ययन गर्ने सबै बालबालिकाहरुलाई दिवा खाजाको व्यवस्था गरिनेछ ।
- माध्यमिक विद्यालयहरुलाई कक्षा ९ बाट प्राविधिक धार सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।
- संस्थागत विद्यालयहरुलाई शैक्षिक मापदण्ड अनुसार सञ्चालन गर्न नियमित अनुगमन, निरीक्षण र नियमन गरिने छ ।
- अपाङ्गता भएका बालबालिकाहरुको पठन पाठनलाई सुनिश्चित गर्न विशेष विद्यालय संचालनमा सहयोग पुचाइनेछ ।

- सामुदायिक विद्यालयहरुमा शौचालय निर्माण र स्तरोन्नति, निशुल्क सेनेटरी प्याडको सुबिधा, पिउने पानीको व्यवस्था गरिनेछ ।
- संस्थागत बिद्यालयहरुको शुल्क पुनरावलोकन गरी वैज्ञानिक र मापदण्डमा आधारित वनाइनेछ ।
- सामुदायिक विद्यालयहरुमा अध्यायनरत विद्यार्थिहरुको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार र स्वास्थ्य सचेतनाको लागि स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मिहरुलाई परिचालन गरिने छ ।
- सामुदायिक विद्यालयहरुको संस्थागत तथा शैक्षिक सुधारका लागि ई हाजिरीको व्यवस्था अनिवार्यका साथ लागु गरिनेछ ।
- उत्कृष्ट नतिजा प्राप्त गर्ने दलित विद्याथीलाई MBBS अध्ययन गर्न सहयोग गरिनेछ ।

***स्वास्थ्य:***

- जनताको आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन नगर भित्रका स्वास्थ्य संस्थालाई थप प्रभावकारी बनाइनेछ ।
- गर्भवती महिलालाई नियमित स्वास्थ्य जाँच तथा स्वास्थ्य संस्थ्यामै सुत्केरी हुन प्रोत्साहन गरिने छ ।
- वडा स्तरमा वर्थिङ्ग सेन्टर स्थापना गरी मातृशिशु स्वास्थ्यको कार्यलाई विशेष ध्यान दिईनेछ ।
- ७० वर्ष माथीका नागरीकलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- गर्भवती महिलाहरुको सम्वन्धित स्वास्थ्य संस्थामा नै गएर निशुल्क Video X-ray गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- गर्भवती तथा सुत्केरी महिलालाई अस्पताल आउन निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- आङ्ग (पाठेघर) खसेको महिलाहरुको वडास्तरमा नै खोज-पड्ताल तथा व्यवस्थापन गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- नागरिक आरोग्यता प्रबर्धन गर्न ध्यान, योग, प्राणायाम आदिबारे सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- नगर क्षेत्र भित्रका अति विपन्न नागरिकका परिवारको निशुल्क स्वास्थ्य विमा गरिनेछ ।
- स्वास्थ्य सम्वन्धी सचेतना कार्यक्रमहरुलाई थप प्रभावकारी बनाइनेछ ।

***पूर्वाधार विकास***

- नगरपालिका क्षेत्रभित्रका सडकहरु बार्है महिना सञ्चालनमा आउन सक्ने गरी स्तरउन्नती गरिनेछ ।
- सडकमा अव्यवस्थित पार्किङलाई व्यवस्थित गर्न कानूनको दायरामा ल्याईनेछ ।
- सडक लगायतका पूर्वाधार निर्माण गर्न भनी गठित उपभोक्ता समितिहरुलाई सडकको दिगोपना र मर्मत सम्भार समेतमा विशेष जिम्मेवार र जवाफदेही बनाउने नीति लिइनेछ ।
- सडक निर्माण भएको जग्गाको लगत कट्टा गरी बाटो कायम गरिनेछ ।
- निर्माण भएका संरचना तथा विकास आयोजनाको अनुगमन तथा सुपरिवेक्षण गरी व्यवस्थित गरिनेछ ।
- भोजपुर नगर उज्यालो कार्यक्रम अन्तरगत सडकमा सौर्य बत्ती जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- सडकको लागि आवश्यक जमिन छोडेर मात्र स्थायी संरचना बनाउनु पर्ने प्रावधानको कार्यान्वयन गरिनेछ ।
- नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड बिपरीत निर्माण गर्ने कार्यलाई निरूत्साहित गरी कानुनी दायरामा ल्याइनेछ ।
- नगरपालिकाका पूर्वाधारहरुमा लगानीका विभिन्न वित्तिय उपकरण तथा स्रोत परिचालन गर्न नगर विकास कोषमा नगरपालिकाको शेयर स्वामित्व रहने गरी आवश्यक प्रबन्ध मिलाइनेछ ।

**खानेपानी तथा सरसफाई**

- खानेपानीको पहुँचभन्दा बाहिर रहेका नगरबासीलाई यथासम्भव खानेपानीको पहुँचभित्र पुऱ्याउन पहल गरिने छ।
- नगरपालिकाभित्रका विभिन्न वडामा रहेका खानेपानीको मुहानलाई उपयुक्त मापदण्ड निर्धारण गरी संरक्षण र संबर्द्धन गरिने छ।
- नगरपालिकामा निर्माणधिन ढल निकास कार्यलाई व्यवस्थित रुपमा सम्पन्न गरिने छ।
- नगरपालिकाभित्र स्वच्छ खानेपानी एक घर, एक धारा नीतिलाई अगाडि बढाइनेछ।
- नगरपालिका भित्र सञ्चालित क्रमागत खानेपानीका योजनाहरुलाई यथाशिघ्र सम्पन्न गरिँदै लगिनेछ।

**पर्यटन**

- नगरपालिका भित्रको महत्वपूर्ण पर्यटकीय स्थानहरुको पहिचान गरी तिनको विकास गरिने छ।
- भोजपुर नगरपालिकामा अवस्थित मुन्दुम पदमार्ग, धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थानहरूको बजारमा पहिचान र प्रवर्धन गर्न उपयुक्त सञ्चार सामग्री, पर्यटन, वस्तु एवं सेवाको प्रचार-प्रसारमा जोड दिईनेछ ।
- नगरपालिकाभित्र रहेका पर्यटकीय क्षेत्रहरुमा घरबास (Home Stay) कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।
- नगरपालिकाभित्र रहेको सार्वजनिक जग्गाहरुको संरक्षण र उपयोगको नीति तर्जुमा गरी निजी क्षेत्रको सहकार्यमा पर्यटकीय भौतिक संरचना निर्माण गरी नगरको आय बृद्धि गर्ने नीति अवलम्बन गरिने छ।
- सांस्कृतिक विविधताको विकास गरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षण गर्ने तर्फ विशेष जोड दिइनेछ।
- नगरपालिकाभित्र भएका ऐतिहासिक, पुरातात्विक, धार्मिक, पर्यटकीय सम्पदाहरुको पहिचान गरी सोको अभिलेख राखिनेछ।
- नगरपालिका भित्र रहेका ऐतिहासिक, मठ मन्दिर, गुम्बा, पाटी, पौवा, सत्तल, कुवा, पधेरो, लगायतलाई संरक्षण गरिनेछ।

**सहकारी**

- सहकारी संस्थाको दर्ता, नबिकरण कार्यलाई विद्युतिय प्रणालीमा आबद्ध गरिने छ।
- सहकारी संस्थाहरूको सघन सुपरिवेक्षण, अनुगमन, निरीक्षण र नियमन कार्यलाई प्रभावकारी बनाईनेछ ।
- सहकारी संस्थाहरूलाई अनिवार्य रुपमा सहकारी तथा गरीबी निवारण सम्बन्धी वस्थापन सूचना प्रणाली (COPOMIS) मा अनिवार्य आबद्ध हुनुपर्ने व्यवस्था गरिनेछ ।
- बचत तथा ऋणको कारोवार गर्ने सहकारीको जोखिम ब्यवस्थापनका लागि अनुगमन संयन्त्र गठन गरी परिचालन गरिने छ।
- सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धि गरी सेवा प्रवाहमा थप प्रभाबकारीता ल्याउन सहकारी संस्थाहरुलाई एकीकरण गर्ने कार्यलाई प्रोत्साहन गरिने छ।
- संकटग्रस्त सहकारीलाई संघ, प्रदेश र नगरपालिकासँगको समन्वयमा प्रभावकारी व्यवस्थापनको लागि संस्थागत प्रबन्ध मिलाई सुधारका आवश्यक कार्य गरिनेछ।
- नगरपालिका भित्र रहेका सहकारी तथा वित्तीय क्षेत्रहरुसँग सहकार्य गरी उत्पादनमूलक कार्यक्रम लगानीको वातावरण सृजना गरिनेछ।

***युवा तथा खेलकुद :***

- नगरका उत्कृष्ठ खेलाडीहरुको पहिचान गरी उनीहरुलाई प्रोत्साहन गरिनेछ।
- आमन्त्रीत मेयर भोजपुर गोल्डकप फुटबल प्रतियोगितालाई निरन्तरता दिइने छ।
- सामाजिक सुरक्षा तथा युवा जनशक्तिको वैदेशिक पलायनको उचित व्यवस्थापनका लागि

- प्रत्येक वडाका बाल तथा युवा क्लवहरुको क्षमता विकास गरी बाल अधिकारका क्षेत्रमा रचनात्मक क्रियाकलाप सञ्चालन गर्न उत्प्रेरित गरिनेछ ।
- स्वरोजगार र आय आर्जनका लागि युवा उद्यमी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगर क्षेत्रका युवाक्लव तथा विद्यालयहरुको प्रतिनिधित्व हुने गरी वडास्तरीय र नगरस्तरीय खेलकुद प्रतियोगितासञ्चालन गरिनेछ ।

***वन तथा वातावरण एवं जलवायु परिवर्तन***

- वन तथा वातावरण संरक्षणलाई ध्यान दिदै जथाभावी सडक तथा अन्य संरचना निर्माण गर्ने प्रवृतिलाई कडाइका साथ नियन्त्रण गरिनेछ ।
- नगरपालिकाभित्रका वनलाई संरक्षण गरी वृक्षारोपण कार्य अगाडि बढाइनेछ ।
- वन विनाशप्रति नागरिकलाई सचेत गराई वन संरक्षणमा सबैलाई सहभागिता गराइनेछ ।
- क्रमिक रुपमा बढ्दै गएको जलवायु परिवर्तनप्रति नगरबासीलाई सचेत गाराउँदै हरियालीपनको विकास गरी जलवायु परिवर्तन न्यूनीकरण गर्दै लगिनेछ ।
- फोहोर मैलालाई व्यवस्थापन गर्न  कुहिने र नकुहिने फोहोर मैला वर्गीकरण छुट्याई कुहिने फोहोरलाई कम्पोष्ट मल बनाउन प्रेरित गरिनेछ ।

***राजस्व परिचालन***

- नगरपालिकाको राजस्व परिचालनका दरहरु निर्धारण गर्दा विद्यमान ऐन नियम, नीति, निर्देशिका, प्रचलित कार्यविधिबाट निर्देशित हुनेछन् ,
- आन्तरिक आयलाई बृद्धि गर्दै लैजाने विगतको नीतिलाई निरन्तरता दिइनेछ ,
- राजस्वका थप स्रोतहरुको पहिचानको लागि विस्तृत अध्ययन र सर्वेक्षण गरिनेछ ।
- नगरपालिकाको आन्तरिक उत्पादनलाई बढवा दिँदै निर्यात प्रवर्द्धनमा जोड दिइनेछ ।
- अनाधिकृत रुपमा भइरहेको प्राकृतिक स्रोत साधनको व्यवसायलाई राजश्वको दायरामा ल्याइने छ ।
- राजश्वको चुहावट नियन्त्रणका लागि उपचारात्मक र प्रवर्द्धनात्मक उपायहरु अवलम्वन गरिने छ । चुहावटका सम्भावित स्थानहरुमा कर संकलनका लागि ढाट राख्ने तर्फ ध्यान केन्द्रित गरिने छ ।
- घर जग्गा पास, नक्सा पास, कर, राजस्व भुक्तानी र कुनै पनि सिफारिस लिने प्रयोजनका लागि प्रदान गरिने नागरिक सेवालाई सहज र व्यवस्थित बनाइनेछ ।

***उद्योग, बाणिज्य तथा वित्तीय क्षेत्र***

- स्थानीय कच्चा पदार्थको उपयोगमा आधारित घरेलु उद्योगलाई प्रोत्साहन गरिनेछ ।
- कृषिजन्य तथा घरेलु उद्योगको स्थापना र सञ्चालनमा सरल र सहज वातावरण बनाउन जोड दिइनेछ ।
- नगरपालिकाभित्र रहेका साना तथा मझौला उद्योगीहरुलाई आकर्षण गर्न विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।
- कृषिजन्य उत्पादनको बजार व्यवस्थापनमा जिल्ला उद्योग बाणिज्य संघलाई नेतृत्वदायी भूमिका निर्वाह गर्न उत्प्रेरित गरिनेछ ।
- निजी क्षेत्र, ब्यवसायी र स्थानीय समुदायसँग सहकार्य गरी होमस्टे सञ्चालनगरिनेछ ।
- स्थानीय स्तरमा रोजगारी सिर्जना गराउने उद्योग व्यवसायलाई प्रोत्साहन गरिनेछ ।

***लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण***

- महिला, दलित, अल्पसंख्यक, पिछडिएका वर्ग र समुदायको क्षमता अभिबृद्धि गरिँदै लगिनेछ ।
- भविष्यका कर्णधार र वर्तमानका हिस्सेदार बालबालिकाहरुको चौतर्फी विकास गरी यस नगरपालिकालाई बालश्रममुक्त बनाइनेछ ।

- महिलालाई सीपमुलक तालिम दिई आयआर्जनका क्रियाकलापमा सहभागि गराइने छ ।
- महिला बिरुद्ध हुने सबै किसिमका भेदभाव, कुरीति, हिंसा अन्त्य गर्न महिला जागरण तथा वित्तीय साक्षरता, कानुनी साक्षरता, शसक्तिकरणका कार्यक्रम संचालन गरिने छ ।
- बालमैत्रि स्थानीय तह घोषणा गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- बिपन्न, दलित, आदिबासी, अपाङ्गता, भएका बालबालिकाहरुकालागि बिशेष संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

***सुरक्षित आप्रवासन***

- बैदेशिक रोजगारीलाई सुरक्षित,व्यवस्थित, मर्यादित, उपलब्धीमुलक र शोषण रहित बनाउन बैदेशिक रोजगारमा जान इच्छुक ब्यक्तिहरुको सीपमा पहुँच वृद्धि गर्न सहयोग गरीनेछ ।
- वित्तीय साक्षरता सञ्चालन गर्नुका साथै मनोसामाजिक परामर्शको माध्यमबाट बैदेशिक रोजगारबाट फर्किएका पिडीतहरुलाई परामर्श गरिनेछ ।
- बैदेशिक रोजगारीको सिलसिलामा पर्न गएको समस्यातथा मृत्युवरण भएका व्यक्तिहरुलाई क्षतिपूर्ति उपलब्ध गराउन पहल गरिने छ ।
- बैदेशिक रोजगारबाट फर्कि आएका रिटर्नी Net Workलाई चलायमान बनाइ पुनःएकिकरण सम्वन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- वित्तिय सेवावाट वन्चित गरिव विपन्न तथा सिमान्तकृत परिवारलाई वित्तिय सेवाको प्रयोग र पहुँचमा वृद्धि गरिनेछ ।
- विपन्न महिला, युवा तथा बैदेशिक रोजगार सम्वद्ध लक्षीत समुदायमा प्राविधिक तथा व्यवसायीक सिपको विकासका माध्यमबाट रोजगारीको सृजना गर्न सहयोग गरिनेछ ।

***सुशासन एवं न्याय सम्पादन***

- नगरपालिकाभित्र निर्माण भईसकेका पूर्वाधारका संरचनाहरुको मर्मत संम्भार गरी दिगो र भरपर्दो बनाउँदै लगिनेछ ।
- नगरपालिकाभित्रका बिषयगत कार्यालयहरु र वडा कार्यालयबाट जनतालाई उपलब्ध गराउने सेवालाई थप पारदर्शी र प्रभावकारी बनाइनेछ ।
- नगरपालिकाबाट गरिने सार्वजनिक खरीदलाई प्रचलित कानुन र खरीद प्रकिया बमोजिम प्रतिस्पर्धाको माध्यमबाट सम्पादन गर्न आवश्यक ब्यबस्था मिलाइने छ ।
- नगरपालिका, बिषयगत शाखाहरु तथा वडा कार्यालयबाट प्रवाह भइरहेको सेवालाई सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षणका माध्यमबाट थप पारदर्शी बनाइनेछ ।
- विकास निर्माणमा क्रियाशील उपभोक्ता समितिहरुलाई थप जिम्मेवार र जवाफदेही बनाउनहरेक आयोजनाको उपभोक्ता माझमा सार्वजनिक परीक्षण भएपछि मात्र अन्तिम भुक्तानी दिइनेछ ।
- कानूनले तोके बमोजिमको न्याय सम्पादनका कार्यहरुलाई थप व्यवस्थित रुपमा सम्पादन गरिनेछ ।
- न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास गरी नगरपालिकाको अधिकार क्षेत्रभित्रका उजुरी तथा गुनासोहरुलाई यथाशीघ्र फछ्र्यौट गरिनेछ ।
- नगरपालिकाका प्रत्येक कर्मचारीको कार्य व्यवहारलाई पारदर्शी, जनमैत्री र सुशासनयुक्त बनाउन आवश्यक कानुनी प्रबन्ध गरि कार्यान्वयन गरिने छ ।
- वडा कार्यालय, सामुदायिक विद्यालय, आयोजनाहरुमा सूचनाको हक कार्यान्वयन गरिने छ ।
- नगरपालिकाद्वारा जारी गरिएका स्थानीय कानुनहरुको आबश्यकताअनुसार संशोधन, परिमार्जन तथा एकीकरण गरिने छ ।
- संबिधान तथा कानुन बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार कार्यान्वयन गर्न आवश्यक ऐन, कानुन, कार्यविधि, निर्देशिका तर्जुमा गरी कार्यान्वयमा ल्याइने छ ।
- भु-उपयोग ऐनमा भएको ब्यवस्था बमोजिम जग्गाहरुको बर्गिकरण गरिने छ ।

- यस नगरपालिकामा कार्यरत (प्रचलित कानून वमोजिम निवृतभरण पाउने बाहेक) व्यक्ति/ कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता गर्नका लागि आवश्यक वजेटको व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

**सदस्यज्यूहरु**

**अब म नगरपालिकाको यस आ.ब.०८२/८३ को अनुमानीत आयव्यय प्रस्तुत गर्न चाहन्छु ।**

उपरोक्त नीति तथा कार्यक्रमहरुलाई सफल रुपमा कार्यान्वयन गर्नको लागि आर्थिक वर्ष २०८२/०८३ मा आयतर्फ वित्तीय समानीकरण अनुदान संघ रु १० करोड ५० लाख, राजश्व बाँडफाँडबाट रु. ९ करोड ३० लाख ४० हजार ५ सय ३१, सशर्त अनुदान संघ ३१ करोड २४ लाखर, समपुरक अनुदान रु १ करोड ५ लाख, प्रदेश सरकार वित्तीय समानीकरण अनुदान रु ९७ लाख २८ हजार, सवारी साधन करको राजश्व बाँडफाँडबाट रु. ९८ लाख ९८ हजार, प्रदेश सशर्त अनुदान ८८ लाख ४९ हजार, प्रदेश समपुरक अनुदानको रु १ करोड, आन्तरिक राजश्वतर्फ (यस वर्षको अनुमानीत अल्या समेत) रु ६ करोड ७८ लाख ७१ हजार ९ सय ३८ रुपैया गरी जम्मा रु ६५ करोड ११ लाख ८० हजार ४ सय ६९ रुपैया आय प्रस्ताव गरिएको व्यहोरा यहाँहरु समक्ष पेश गर्न चाहन्छु ।

यसैगरी व्यय तर्फ कृषि,पर्यटन, पुर्वाधार तथा प्राकृतिक श्रोत समिति, सामाजिक विकास समिति, अर्थ तथा सार्वजनिक लेखा समिति, सुशासन तथा स्थानीय सेवा समिति र विधायन समिति तर्फ गरी जम्मा रु. २२ करोड ७५ लाख ३८ हजार ४ सय ६९ रुपैया, वडागत रुपमा कृषि, पर्यटन, पुर्वाधार तथा प्राकृतिक श्रोत समिति, सामाजिक विकास समिति, अर्थ तथा सार्वजनिक लेखा समिति, सुशासन तथा स्थानीय सेवा समिति र विधायन समिति गरी जम्मा रु ५ करोड ८० लाख तथा ससर्त अनुदान सघं ३१ करोड २४ लाख, समपुरक अनुदान रु १ करोड ५ लाख, प्रदेश सशर्त अनुदान ३ करोड २७ लाख ४२ हजार, प्रदेश समपुरक कोषको रु १ करोड गरी कुल व्यय रु ६५ करोड ११ लाख ८० हजार ४ सय ६९ रुपैया अनुमान गरेको छु ।

**सदस्यज्यूहरु**

प्रस्तुत नीति तथा कार्यक्रमको लक्ष्य तथा उदेश्य प्राप्तिका लागि हामी जनप्रतिनिधिहरुको प्रयासवाट मात्र सम्भव छैन । तसर्थ राजनीतिक दल सम्पुर्ण संघ संस्था, नागरिक समाज र सम्पूर्ण नगरवासीहरुको सामुहिक प्रयासबाट मात्र सम्भव हुने भएकोले समग्र भोजपुर नगरको विकास गर्नका लागि तर्जुमा भएका योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सम्पूर्ण पक्षवाट आवश्यक सहयोग हुने छ भन्नेमा पूर्ण विश्वस्त छु ।

आ.व. २०८२/०८३ को प्रस्तुत नीति तथा कार्यक्रम र प्रस्तावित बजेटबाट नगरपालिकाको भौतिक पूर्वाधार विकास एवं आर्थिक तथा सामाजिक विकासमा ठोस योगदान पुगी जनताको जीवनस्तरमा सुधार हुने छ भन्ने विश्वास लिएको छु ।

प्रस्तुत नीति तथा कार्यक्रमबाट भोजपुर नगरपालिकाको अग्रगामी विकास र परिवर्तनका लागि ठोस योगदान पुग्ने विश्वास लिइएको छ । साथै प्रस्तुत नीति तथा कार्यक्रम तयार पार्न सल्लाह सुझाव प्रदान गर्नु हुने तथा सहयोग र सक्रियताका साथ लाग्नु हुने नगरकार्यपालिकाका सदस्यज्यूहरु, नगरस्थित कियाशील राजनीतिक दलहरु, नागरिक समाजका प्रतिनिधि, कर्मचारीहरुसबैमा हार्दिक आभार प्रकट गर्दै हामीलाई यस कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा मार्गदर्शन गरी उत्प्रेरित गर्नु हुने नगरवासीहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सदाझै सबैबाट पूर्ण सहयोग र समर्थन प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा आफ्नो कार्य व्यस्तताको बावजुद पनि नगरपालिकाको निमन्त्रणालाई सहर्ष स्वीकार गरी आठौ नगर सभामा उपस्थितसम्पूर्ण सदस्यज्यूहरुप्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

# धन्यवाद

# आर्थिक विधेयक २०८२

## भोजपुर नगरपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यन्वयन गर्न वनेको विधेयक

प्रस्तावना :- भोजपुर नगरपालिकाको आर्थिक वष २०८२/०८३ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यन्वयन गर्नको लागी स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) वमोजिम भोजपुर नगरपालिकाको दशौं नगर सभाले यो आर्थिक विधेयक वनाएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भ** : १) यस विधेयकको नाम आर्थिक विधेयक २०८२ रहेको छ ।

(२) यो विधेयक २०८२ साल साउन १ गतेदेखि भोजपुर नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

**२)** नगरपालिकाका क्षेत्रभित्र अनुसुची-१ बमोजिम एकिकृत सम्पक्ति कर /घर जग्गा कर लगाइने र असुल उपर गरिनेछ ।

**३) घर वहाल कर** : नगरपालिका क्षेत्रभित्रकुनै व्यक्तिवा संस्थाले भवन घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गावापोखरी पुरै वा आंशिंक तवरले वहालमा दिएकोमा अनुसुची २ वमोजिम घर जग्गावहाल कर लगाइने र असुल गरिने छ ।

**४) व्यवसाय कर** : नगरपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुची ३ वमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने छ ।

**५) सवारी साधन कर** : नगरपालिका क्षेत्रभित्रका दर्ता भएका सवारी साधनमा अनुसुची ४ वमोजिम सवारी साधन कर लगाइने र असुलउपर गरिने छ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ ।

**६) मनोरञ्जन कर** : नगरपालिका क्षेत्रभित्रहुने मनोरञ्जन व्यवसाय सेवामा अनुसुची ५ वमोजिम व्यवसाय कर लगाइने र असुलउपर गरिने छ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ ।

**७) वहाल विरौटी शुल्क** : नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसुची ६ माउल्लेख भएअनुसार हाटवजार वापसलमा सोही अनुसुचीमा भएको व्यवस्था अनुसार वहाल विरौटी शुल्क लगाइने र असुल उपर गरिने छ ।

**८) पार्किङ्ग शुल्क** : नगरपालिका क्षेत्र भित्रकुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसूची ७ वमोजिम पार्किङ्ग शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**९) सेवा शुल्क दस्तुर** : नगरपालिकाले निर्माण, संचालनवाव्यवस्थापन गरेका अनुसूची ८ मा उल्लिखित स्थानीय पुर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीवाट सोही अनुसूचीमा

व्यवस्था भए अनुसार सेवा तथा दस्तुर लगाईने र असुलउपर गरिनेछ ।

१०) **फोहोरमैला व्यवस्थापन शुल्क :-**नगरपालिका क्षेत्रभित्र अनुसुची ९ वमोजिम फोहोरमैला व्यवस्थापन शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११) **नदीजन्य पदार्थ श्रोत उपयोग तथा विक्रि कर** : नगरपालिकाको क्षेत्रभित्र रहेको खोलामा प्रदेश सरकारले निर्धारण गरेको दरमा अनुसुची १३ वमोजिम ढुङगा, गिटी र वालुवा जस्ता नदीजन्य पदार्थमा श्रोत उपयोग तथा विक्रि कर लगाइने र असुलउपर गरिने छ ।

१२) **घर नक्सा पास शुल्क तथा दस्तुर** : नगरपालिका क्षेत्रभित्र बन्ने पक्की घरहरुमा अनुसुची १५ वमोजिम पक्की घर नक्सा शुल्क तथा दस्तुर लगाइने र असुलउपर गरिने छ ।

१३) **कर छुट** : अनुसुचि ११ र १२ मा उल्लेख भएकोमा बाहुक ऐन वमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१४) **कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधी** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि नगरपालिकाले तोके वमोजिम हुनेछ ।

# विनियोजन विधेयक २०८२

## भोजपुर नगरपालिकाको आर्थिक बर्ष २०८२/२०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** भोजपुर नगरपालिकाको आर्थिक बर्ष **२०८२/२०८३** को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम भोजपुर नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** **(१)** यस ऐनको नाम "भोजपुर नगरपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८२/२०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१) आर्थिक वर्ष **२०८२/२०८३** को निमित्त भोजपुर नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.६५,११,८०,४६९।- (अक्षेरेपी पैसट्ठी करोड एघार लाख असी हजार चार सय उनान्साठ्ठी रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजन:** **(१)** यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष **२०८२/२०८३** को निमित्त भोजपुर नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूचि-१

(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

| विवरण | आन्तरीक श्रोत (चालु आ.व. को अनुमानीत मौज्दात समेत) | राजस्व बाडफाड | वित्तिय समानीकरण अनुदान | ससर्त अनुदान | समपुरक अनुदान | कुल वजेट | खर्च प्रस्ताव | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | चालु | पूँजीगत |
| संघ | – | ९३०४०५३१ | १०५००००००० | ३१२४०००००० | १०५०००००० | ५२०९४०५३१ | ३५८१४२५७.९५ | २९३०३१२११.०५ |
| प्रदेश | – | ९८९८००० | ९७२८००० | ३२७४२००० | १०००००००० | ६२३६८००० | | |
| स्थानीय तह | ६७८७१९३८ | - | - | - | | ६७८७१९३८ | | |
| **जम्मा** | ६७८७१९३८ | १०२९३८५३१ | ११४७२८००० | ३४५१४२००० | २०५०००००० | ६५११८०४६९ | | |